श्री ५ को सरकार

गृह पञ्चायत मन्त्रालयको

सूचना

जिल्ला कार्यालय, बाराका प्र.जि.अ. श्री नलराज शास्त्रीलाई प्रशासन व्यवस्था विभागको अतिरिक्त समूहमा सरुवा गरिएकोले सो पदमा नि.से.नि. २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री धर्मलाल तमोटलाई मिति २०३६।४।३१ देखि कायम मुकायम मुकरर गरिएको छ ।

आज्ञाले–
रामचरण प्रधानाङ्ग
श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकार

गृह पञ्चायत मन्त्रालयको

सूचना

जिल्ला कार्यालय, कास्कीका प्र.जि.अ. (रा.प. प्रथम श्रेणी) श्री सच्चिदानन्द श्रीवास्तवलाई प्रशासन व्यवस्था विभागको अतिरिक्त समूहमा सरुवा गरिएकोले सो पदमा नि.से.नि. २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी जिल्ला कार्यालय, चितवनका प्र.जि.अ. श्री ईश्वरचन्द्र शर्मालाई मिति ०३६।४।३१ देखि कायम मुकायम मुकरर गरिएको छ ।

आज्ञाले–
रामचरण प्रधानाङ्ग
श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकार

गृह पञ्चायत मन्त्रालयको

सूचना

जिल्ला कार्यालय, धनुषाका प्र.जि.अ. श्री शरदकुमार भट्टराई गृह पञ्चायत मन्त्रालयमा काजमा रहनु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो प्र.जि.अ. पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी जिल्ला कार्यालय, धनुषाका प्रशासकीय अधिकृत श्री गोपाल सुन्दर श्रेष्ठलाई मिति २०३६।३।१५ देखि का.मु. मुकरर गरिएको छ ।

आज्ञाले–
रामचरण प्रधानाङ्ग
श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।